सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

च.नं.

प.सं.०८०।०८१

मितिः २०८०/१२/२५

## सरावल गाँउपालिकावासीहरुमा हार्दिक अनुरोध ।

मौसम परिवर्तन संगै तराई क्षेत्रमा हावाहुरी चल्ने तथा गहुँ ब्राली भित्राउने समय भएको र कृषकहरुले गहुँ काटेर बाकीं रहेको नल (ठूठो) मा आगो लगाउने प्रचलनले थप वाली र मानव बस्तीमा समेत आगो लागि भई जनधनको क्षति साथै वातावरणमा प्रदुषण हुनसक्ने भएकाले उक्त गहुँको नल (ठूठो) लाई आगो नलगाएर, भुसको रुपमा गाई-भैसीलाई खानाको लागी प्रयोग गर्नुहुन अनुरोध छ। साथै यस गर्मीयाम तथा हावाहुरीको समयमा सम्पूर्ण सरावलवासी आमावुवा तथा दाजुभाई दिदिबहिनीहरुमा आगलागीबाट हुन सक्ने घटना हुन नदिन निम्न कामहरुमा विषेश सजगता अपनाउनु हुन हार्दिक अनुरोध गर्दछु ।

- विधुतीय उपकरणहरूको प्रयोग।
- चुरोट् तथा धुम्रापान ।
- खाना पकाएपछि भान्सा तथा चुलोमा रहने आगो व्यवस्थापन ।
- खुला चौर, खेत तथा वनजंगलमा आगजन्य वस्तुको प्रयोग ।

त्यसैले कहि-कतै यस्ता किसिमका आगलागी हुनसक्ने किसिमका कामहरु नगर्न/नगराउन साथै कुनै घटना भएमा निम्न स्थानमा अविलम्व सम्पर्क गर्नुहुन सम्बन्धीत सबैमा सूचित गरिन्छ।

- नजिकको प्रहरी कार्यलय वा प्रहरीको आपतकालिन सम्पर्कः १००
- सरावल गाउँपालिका विपद शाखाको सम्पर्कः ९८६७४२६३६७
- सम्बन्धित वडा अध्यक्ष तथा जनप्रतिनिधी ।
- स्वास्थ्य सेवा आवश्यक परेमा नजिकको स्वास्थ्य चौकी ।
- सरावल गाउँपालिका एम्बुलेन्स सेवा सम्पर्कः ९८५७०४७९५०
- बर्दघाट नगरपालिका दमकल सेवा सम्पर्क +९७७ ७८५८०४०७ (९८५७०८१९४४,९८४७१५३४१६ चालक)

सुखाडी प्रसाद चौधरी
अध्यक्ष

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष